उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा,रसुवा
बागमती प्रदेश नेपाल
२०७३

# आ व २०७८/०७९ को वजेट वक्तव्य

आदरणीय सभा अध्यक्ष महोदय तथा गाउँसभा सदस्यज्युहरु,

संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था भए अनुरुप उत्तरगया गा.पा. आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट प्रस्तुत गर्न म यस गरिमामय सभामा उपस्थित भएको छु । यस घडीमा लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न समयमा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू र विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ को न्यू भेरियन्टबाट मृत्यु हुने प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै उपचारत संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ । अन्तर सरकारी, वित्त व्यवस्थापन ऐन, २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यकालिन खर्च संरचना तयार गर्ने आवश्यकताको प्रक्षेपण गर्ने, राजश्वको प्रक्षेपण तयार गर्ने र वित्तिय अनुशासन कायम गर्नुपर्ने व्यवस्था गरेको छ ।

संघ र प्रदेशसँग गर्नुपर्ने नीतिगत र कार्यगत समन्वय गर्दै आवधिक योजनाले लिएका लक्षहरु समेतलाई मध्यनजर गरी वार्षिक बजेटले निरन्तरता गरेका विषयहरु तथा स्थानीय आवश्यकताको आधारमा उपलब्ध क्षेत्र साधनहरुसँग तालमेल गरी प्राथमिकताका साथ श्रोतको विनियोजन गर्ने काम वार्षिक विकास योजनाले गर्दछ । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्रको विषयवस्तुहरुलाई मूर्त रुप दिन तथा एकरुपता कायम गर्न स्थानीय तह वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ ले अख्तियार गरे अनुसार गाउँपालिकाको वजेट विनियोजन गरेको छु ।

आदरणीय सभा अध्यक्ष महोदय,

अव म यस गाउँपालिकामा उपलब्ध श्रोत र साधनलाई निम्न आधारमा सन्तुलित एंव समन्यायीक सिद्धान्तको आधारमा योजना, वजेट तथा कार्यक्रम तर्जुमाको लागि अवलम्वन गरिएका विधि, पद्धती तथा आधारहरुको सर्न्दभमा चर्चा गर्न चाहन्छु।

१. नेपालको संविधान, २०७२, स्थानीय सरकार संचालन ऐन, केन्द्र तथा प्रदेश सरकारको वार्षिक नीति, लक्ष्य, उद्देश्य, आवधिक विकास योजनाले लक्षित गरेका नीति तथा मापदण्ड।

२. वडाको जनसंख्या तथा भौगोलिक अवस्था र वनोट।

३. वडा तथा विशेष क्षेत्रको आर्थिक विकास र गरिवीको अवस्था।

४. जनताको जीवनस्तर, आम्दानी र रोजगारी वढ्ने कार्यक्रम।

५. स्थानीय स्रोत, साधन र सहभागीतामा सञ्चालन हुने कार्यक्रम,

६. महिला, वालवालिका तथा पिछडिएको वर्ग, क्षेत्र, लिङ्ग, भाषा , जातिलाई लाभ पुग्ने कार्यक्रम।

७. स्थानीय समस्या र आवश्यकताका आयोजना तथा कार्यक्रमहरु।

८. राजश्व परामर्श समिति श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिका निर्णयहरु ।

९. कोभिड-१९ को न्यु भेरियन्टको संक्रमणबाट उत्पन्न प्रकोप र महामारीको परिस्थिती, तत्कालिन आवश्यकता पहिचान तथा कोभिड-१९ संवेदनशील योजना तर्जुमा ढाचा,

१०. विकासमा समसायमीक मुद्धाहरु जस्तै :- जलवायु परिवर्तन, विपद व्यवस्थापन, खाद्य र पोषण सूरक्षा, लैंगिक सशक्तीकरण तथा समावेशी विकास, वालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, पूर्ण सरसफाई, रोजगारी र आय आर्जन तथा उर्जा संकट लगायतका विषयहरुलाई लिईएको छ।

**आदरणीय समा अध्यक्ष महोदय तथा गाउँसभाका सदस्यज्यूहरु**

यस गाउँपालिकाको अधिकाशं भूभाग भौगोलिक विकटता रहेको वारेमा यहाँहरु सवैजना जानकार नै हुनुहुन्छ । करीव १२ हजार जनसंख्याको जनघनत्व रहेको यहाँको भौगोलिक भू-वनावट कष्टकर भएता पनी पर्यटन, पर्यावरण, अमूल्य जडिवुटी, जलश्रोतको अधिक सम्भावनाहरु रहेको छ। जनताका इच्छा र आंकाक्षाहरुलाई अधिकतम संवोधन गर्नका लागि सिमित श्रोत साधनको समुचित प्रयोग गर्नु आजको चुनौती हो यसलाई कुशलतापूर्वक अवतरण गर्नको लागि हामी सवैले हातेमालो गर्दै अगाडी वढ्नुको विकल्प छैन। तसर्थ संविधान ऐन, नियम, कानुन, परिपत्र अनुसार नीति तथा कार्यक्रमले लिएका मार्गदर्शन सिद्धान्तलाई अक्षरशं पालना गर्दै वजेट तथा योजना तर्जुमाले अंगिकार गरेका क्षेत्रमा अनुशासन पुर्वक कार्यान्वयन तर्फ अग्रसर हुनु हामी सवैको दायीत्व रहेको छ।

विषयगत क्षेत्रले निर्दिष्ट गरेका लक्ष्यहरु प्राप्तीको वाटामा गाउँपालिकालाई हामी सवैले डोर्याउनु पर्दछ। वडास्तरका कार्यालय देखी गाउँपालिका सम्मका कार्यालय तथा कर्मचारीको समुचित व्यवस्थापन जस्तो चुनौतीपुर्ण कार्यको लागि गाउँपालिकाले आफुलाई अब्बल सावित गर्दै वित्तिय अनुशासनको माध्यमवाट यस गाउँपालिकाको मानव विकास सूचांक अगाडी ल्याउनु पर्ने आवश्यकता छ। यस कार्यको

नेतृत्वदायी भूमिका गाउँपालिकाले निर्वाह गर्नुपर्दछ । यस तर्फ पनि लक्षित गर्दै वजेट विनियोजनमा प्राथमिकता दिएको छु ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

उत्तरगया गाउँपालिकाले विभिन्न क्षेत्रमा वजेट विनियोजन गरी कार्यान्वयन गरेकोमा धेरै वस्तीहरूमा मोटर बाटोको पहुँच पुगेको विद्यालय हकमा विज्ञान प्रयोगशाला, प्रविधि मैत्री विद्यालय, विद्यालयको भौतिक पुर्वाधार सुधार, खेल मैदानको निर्माण सामुदायीक स्वास्थ केन्द्र, सौर्य सडक वत्ती, कृषि तथा पशु सेवा क्षेत्रमा अनुदान आदिको व्यवस्था गरिएको छ । उत्तरगया गाउँपालिकाको ५ स्थानमा ६० बेडको क्वरेन्टाइन चालू अवस्थामा रहेको छ। मुख्य कामको समयमा कोभिड-१९ को न्यू भेरियेन्ट का कारण भएको महामारी तथा लकडाउनको कारण गरिएका काममा केही सुस्तता आएको पक्कै हो तथापी लकडाउनको समय अगावै धेरै कार्य सम्पन्न हुनु लउडाउनको अवस्थामा पनि हाम्रा विकास निर्माणका कार्यहरुलाई अगाडी बढाएकोले धेरै आयोजनाहरू सम्पन्न हुने अवस्थामा छन् । यस कार्यमा लागि पर्नुहुने आम उपभोक्ता, जनप्रतिनिधि र गा.पा. कर्मचारीहरूलाई धन्यवाद दिन चाहान्छु ।

उत्तरगया सरकारको चौथो वर्षको बजेट प्रस्तुत गरिरहँदा कोरोनाबाट नागरिकको जीवन रक्षा गर्ने गहन जिम्मेवारी बोध गरिरहेका थियौं । विगत चार वर्षको अथक प्रयासवाट हासिल भएको उपलब्धिको जगमा टेकेर विकास र समृद्धिको यात्रालाई तीव्रता दिने मार्गमा कोभिड-१९ को महामारीको कारण केही अवरोध पुगेको छ । यस विषम परिस्थितिमा सबै राजनैतिक दल, जनप्रतिनिधि, संघ संस्था र आम नागरिकको सहयोग र ऐक्यबद्धताले वर्तमान चुनौती सामना गर्न सकिन्छ भन्ने दृढ विश्वास रहेको छ ।

**उपस्थित महानुभावहरू,**

अव म आ.व. २०७८/०७९ मा भएका मुख्य मुख्य विषयवस्तुहरु प्रस्तुत गर्ने अनुमती चाहान्छु।

आगामी आ.व. २०७८/०७९ मा केन्द्र तथा प्रदेश सरकार एवं गाउँपालिकाको कुल वजेट रु चौतिस करोड सैतिस लाख वाइस हजार एक सय सात आय र सोही अनुसारको व्यय हुने अनुमान गरेको छु । जस मध्ये चालूतर्फ रु. तेइस करोड छब्विस लाख सोह्र हजार एक सय सात रुपैया अठ्ठाइस पैसा मात्र र पुजींगत तर्फ रु. एघार करोड एघार लाख छ हजार मात्र विनियोजन गरेको छु । कुल वजेट खर्च व्यहोर्ने श्रोतहरु मध्ये आ.व. २०७८।०७९ मा गाउँपालिकाको आन्तरीक राजश्व रु. चौविस लाख पचहत्तर हजार र अल्या तर्फ दुई करोड तीस लाख, संघको शशर्त अनुदान रु चौध करोड एघार लाख, संघको राजश्व बाँडफाँड रु पाचँ करोड छ लाख चौसठ्ठी हजार, प्रदेश सर्शत रु. एक करोड पैतिस लाख उन्नाइस हजार, प्रदेश राजश्व बाडफाड रु. उनानब्बे लाख अठचालिस हजार एक सय सात संघीय समानिकरण अनुदान रु आठ करोड उन्नाइस लाख प्रदेश समानिकरण अनुदान रु पैसठ्ठी लाख

सोह्र हजार, नेपाल सरकार विशेष अनुदान रु एक करोड चार लाख प्रदेश सरकार विशेष अनुदान रु बाउन्न लाख गाउँपालिकाको संचित कोषमा दाखीला हुने र सोही अनुरुप खर्च अनुमान गरेको छु ।

मैले अघिल्लो वर्षमा खर्च निश्चित गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, समय सीमा प्रकृयासँग हुने गरी सुशासन, वातावरण, वालमैत्री जलवायु परिवर्तन अनुकुलन विपद व्यवस्थापन, लैङ्गिक तथा सामाजिक क्षेत्रलाई समेट्ने प्रयास गरेको छ । त्यस्तै वजेट निर्माण गर्दा बजेटका विषय क्षेत्रगत नीतिहरूलाई समेट्दै आगामी वर्षको लागि प्राप्त हुने विभिन्न क्षेत्रको अनुमानित व्यसलाई अनुसूचिमा समावेश गरेको छु । जसको साराशं रुपमा देहाय अनुसार प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

(क) आर्थिक विकास

- उत्तरगयाको कृषि क्षेत्रको प्रवद्धन गरी कृषी कार्यक्रमहरु गुणात्मक तवरले सञ्चालन गर्न गाउँपालिका, संघ र प्रादेशिक स्रोतबाट जम्मा रु. एक करोड दुई लाख विनियोजन गरेकोछु ।
- उत्तरगयामा पशु विमा कार्यक्रम साथै अन्य पशु विकास कार्यक्रमको लागि गाउँपालिका, संघ र प्रादेशिक स्रोतबाट रु. त्रिहत्तर लाख विनियोजन गरेकोछु ।
- उत्तरगयाको पर्यटन सम्भावनाहरुलाई क्रमश उजागर गर्दै धार्मिक सास्कृतिक तथा पर्या पर्यटनलाई प्रर्वद्धन गर्दै लगिनेछ, समग्र पर्यटन प्रवर्द्धन तथा पूर्वाधार निर्माणका लागि रु तीस लाख पचास हजार विनियोजन गरेको छु ।
- उद्योगको प्रर्वद्धन गर्नको लागि आवश्यक बजेट विनियोजन गरिएकोछु ।
- वन क्षेत्रको विकास र संरक्षणको लागि रु दुई लाख पचास हजार विनियोजन गरेको छु ।
- कृषि क्षेत्रको लागि आवश्यक सिचाई संरचना निर्माणको लागि रु चौविस लाख विनियोजन गरेको छु ।

(ख) सामाजिक विकास

- सामाजिक विकास विनाको आर्थिक विकास दीगो नहुने भएकोले सशर्त कार्यक्रम बाहेक समग्र उत्तरगया क्षेत्रको सामाजिक विकासलाई समेट्न गाउँपालिका, संघ र प्रादेशिक स्रोतबाट शिक्षा तर्फ एघार करोड सत्ताइस लाख, स्वास्थ्य तर्फ दुई करोड त्रियासी लाख (स्वास्थ्य र आयुर्वेद), खानेपानी तथा सरसफाईमा एक करोड एकाउन्न लाख, लैंगिक समानता तथा सामाजिक समावेशिकरण तर्फ छत्तिस लाख, युवा तथा खेलकुदमा एक करोड बहत्तर लाख, समाजिक सुरक्षा तथा संरक्षण तर्फ एक करोड सत्र लाख विनियोजन गरेकोछु ।

(ग) पूर्वाधार विकास

उत्तरगया क्षेत्रको पूर्वाधार विकासको पुँजिगत मर्मत सुधारमा मर्मत सम्भार विषेश कोषमा रु पचपन्न लाख विनियोजन गरेका छु ।

- संघ र प्रादेशिक स्रोतबाट यातायात पूर्वाधारमा एक करोड चार लाख, भवन आवास तथा सहरी विकासमा तिन करोड बाह्र लाख, उर्जा तर्फ तेत्तिस लाख, संचार तथा सुचना प्रविधी तर्फ दुई लाख, सम्पदा पूर्वाधार तेइस लाख विनियोजन गरेको छु ।
  साथै वडागत पूर्वाधार विकासका आयोजनाहरु र अनुमानित विनियोजित रकमको विवरण यस प्रकार रहेको छ ।

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | कुल बजेट |
|---|---|---|
| १ | अग्नि ज्वाला मन्दीर हुदैं ठुलो आगन सम्म छिढी बाटो वडा नं. ३ | ६,००,००० |
| २ | आलडाडा बोगटीटार सामाजिक कार्य स्थल निर्माण | ३,००,००० |
| ३ | उपल्लो पौवा सोलार वत्ती जडान वडा नं. ५ | ५,००,००० |
| ४ | कुवापानी गाँउ सोलार बत्ती विस्तार | ५,००,००० |
| ५ | गैराघर वनुवा भलेसो नियन्त्रण वडा नं ५ | ३,००,००० |
| ६ | गैरीघर-खड्कु खानेपानी वडा नं. २ | ५,००,००० |
| ७ | जुगेपानी बनुवा पुछार सिमखेत कृषि सडक वडा नं. ५ | ६,००,००० |
| ८ | जमरी खोला डि डाडा खेत सिचाई योजना वडा नं. ४ मनिगाँउ | ६,००,००० |
| ९ | जमरी छाप सिँचाई वडा नं ५ | ४,००,००० |
| १० | डाडाँगाउँ खेलमैदान निर्माण वडा नं. २ | ८,००,००० |
| ११ | डाडाँगाउँ भदौरे टोल कालिमाटी सडक सुधार योजना साविक (डाडाँगाउँ १)वडा नं. २ | ६,००,००० |
| १२ | डाडागाँउ मा.वि संरक्षण वडा नं २ | ४,००,००० |
| १३ | ढाडवारी बनुवा सिढी बाटो वडा नं. ५ | ४,००,००० |
| १४ | क्रिश्चियन धर्मावलम्बी प्राथना घर निर्माण योजना वडा नं. १ | ७,००,००० |
| १५ | त्रिश्चियन धर्मावलम्बी समाधी स्थल व्यवस्थापन वडा नं. ३ | ६,००,००० |
| १६ | तल्लो पैरे घडेरी सम्याउने | ७,००,००० |
| १७ | देउराली खानेपानी योजना टैकी घेराबार योजना वडा नं. ४ मनिगाउँ | १,५०,००० |
| १८ | देउराली सडक चौरखर्क वडा नं ४ | ३,००,००० |
| १९ | देउरालीडाडाँ हिमाल भ्यु स्थल व्यवस्थापन वडा नं. २ | ६,००,००० |
| २० | नव विजयी महेन्द्र मा.वि. देखी डाडागाउँ सम्म सिढी बाटो वडा नं. ४ | ५,००,००० |

| | | |
|---|---|---|
| २१ | नौविसे नयाँ वस्ती खानेपानी योजना व्यवस्थापन वडा नं. ५ | ८,००,००० |
| २२ | पचलिङ्गे आ. विद्यालय खड्गु वडा नं. २ घेरावार | ३,५०,००० |
| २३ | पैरेगाउँ देवी मन्दिर संरक्षण वडा नं ३ | ३,००,००० |
| २४ | पहेली फेद मुहान गरी पल्लो बिमिरे घले टोल खा.पा योजना वडा नं. ४ | ७,००,००० |
| २५ | बगैचा बोगटिटार सामाजिक कार्यस्थल निर्माण | ३,००,००० |
| २६ | बनुवा तल्लो अम्बापानी छाप खानेपानी मर्मत वडा नं. ५ | ३,००,००० |
| २७ | बनुवा पिप्ले ढलान बाटो वडा नं. ५ | ४,००,००० |
| २८ | बनुवा लामिछाने आचार्य न्यौपाने टोल वस्ती संरक्षण वडा नं ५ | ७,००,००० |
| २९ | ब्रागु गोगने खानेपानी वडा नं. १ | ४,००,००० |
| ३० | बोगटीटार ढुङ्गेधारा पूननिर्माण तथा व्यवस्थापन वडा नं. ५ | ७,००,००० |
| ३१ | भट्टटोल ठुलोपधेरो सिडीबाटो वडा नं. ५ | ३,००,००० |
| ३२ | भट्टटोल पालेवन वेत्रावती जाने सिढी बाटो वडा नं. ५ | ३,००,००० |
| ३३ | भट्टटोल-तिवारी चौतारा सड्क सुधार वडा नं. ५ | ३,००,००० |
| ३४ | मजुवा थल्गु पदमार्ग वडा नं ३ | १०,००,००० |
| ३५ | राधाकृष्ण मन्दीर संरक्षण बनुवा घुम्ती वडा नं. ५ | ७,००,००० |
| ३६ | वेत्रावती वस्ती लगायत उत्तरगया प्रहरी चौकी खानेपानी योजना वडा नं. ५ | ३,५०,००० |
| ३७ | वन प्रवर्द्धन तथा व्यवस्थापन कार्यक्रम | २,००,००० |
| ३८ | वनुवा छाप क्रियापुत्री ट्रस घर निर्माण योजना | ४,००,००० |
| ३९ | स्वास्थ्यचौकी सडक स्तरउन्नती कर्मिडांडा वडा नं. ४ | ५,००,००० |
| ४० | सिम्ले बोगटिटार लहरेपौवा कैदरटार सौर्य बत्ती विस्तार वडा नं. ५ | १५,००,००० |
| ४१ | सिरुचेत गणेश मन्दिर निर्माण वडा नं.१ | ३,००,००० |
| ४२ | क्युडम्राङ सिडि बाटो निर्माण | ४,००,००० |
| ४३ | करुमर्याङ खानेपानी धारा निर्माण योजना | ४,००,००० |
| ४४ | काम्लुङ देखी कदोखर्क सम्म कृषी सडक निर्माण योजना | १४,००,००० |
| ४५ | खोजी खोला देखी गोगने सम्म सिंचाई | ४,००,००० |
| ४६ | गुम्चेत देखी गोगने सम्म गोरेटो बाटो निर्माण | ५०,००० |
| ४७ | गर्याङ गु देखी कदोखर्क हुदै नागथान खानेपानी योजना | ४,००,००० |
| ४८ | गोगने वस्ती ढल निर्माण योजना | ४,००,००० |
| ४९ | तिरु एकिकृत वस्ती घडेरी निर्माण कार्यक्रम | ११,००,००० |
| ५० | तिरु खेलकुद मैदान सम्म्याउने कार्यक्रम | ३,००,००० |
| ५१ | पैतिस किलो देखी गोगने सम्म सडक दाँया बाँया वृक्षारोपण कार्यक्रम | ५०,००० |
| ५२ | ब्लेङ ब्लेङ खोला देखी सिरुचेत गुम्बासम्म खानेपानी निर्माण योजना | ७,३०,००० |
| ५३ | श्री गणेश आधारभुत विद्यालय घेरावार कार्यक्रम | ५,००,००० |
| ५४ | ओइलीडाडाबाट दियाले नयाँवस्ती सम्म सिढी बाटो निर्माण | ३,५०,००० |

| | | |
|---|---|---|
| ५५ | चुच्चे ढुङ्गाबाट फुन्जो खोला सिढी निर्माण | ५,००,००० |
| ५६ | चिप्लेटी ढुङ्गा श्रीदेवी मन्दिर निर्माण | ५,००,००० |
| ५७ | डाडावारी सिढी बाटो निर्माण | ३,००,००० |
| ५८ | थाक्रेबासबाट चिप्लेटी घो.वा. निर्माण | १,५०,००० |
| ५९ | दियाले कुना सडक निर्माण | ७,००,००० |
| ६० | पञ्चलिङगे विद्यालय खेलमैदान निर्माण | ७,००,००० |
| ६१ | पल्लोडाडा सिढी बाटो निर्माण | ३,००,००० |
| ६२ | बोक्सीडाडा सिढी बाटो निर्माण | ३,००,००० |
| ६३ | भाङ्गेखोला झरना आलढुङ्गा अवलोकन निर्माण र पहुँच मार्ग निर्माण | ४,५०,००० |
| ६४ | महिला सहकारीबाट भदौरे सडक सम्म सिडि बाटो निर्माण | ५,००,००० |
| ६५ | वडा कार्यालय क्यामरा खरीद वडा नं २ | १,००,००० |
| ६६ | स्वागतम गेट निर्माण | ३,००,००० |
| ६७ | सिम्ले सिढीं निर्माण | ६,००,००० |
| ६८ | तल्लो भुमेदवी मन्दिर घेराबार | ५,००,००० |
| ६९ | तामाङ मरण घाट निर्माण | ५,००,००० |
| ७० | पैरे मरणघाट बाटो र भलेसो निर्माण | ५,००,००० |
| ७१ | बाबियो डाडा दलित बस्ती नयाँ बस्ति भलेसो र सिढी बाटो निर्माण | ७,००,००० |
| ७२ | भुमेदेवी महिला सहकारी भवन निर्माण | ७,००,००० |
| ७३ | भुमेदेवी मावि मेसिनरी वाल निर्माण | ५,००,००० |
| ७४ | भारेघारी सिढी बाटो निर्माण | ५,००,००० |
| ७५ | श्री देवी महिला सहकारी भवन निर्माण | ५,००,००० |
| ७६ | होमस्टे डाडाबारी सिढी बाटो निर्माण | ५,००,००० |
| ७७ | उपल्लो विमिरे खानेपानी योजना | ५,००,००० |
| ७८ | काभ्रे खोला देखी चौतारासम्म सिँचाई कुलो निर्माण | २,००,००० |
| ७९ | कोलडाडा देखी सडक सम्म सिढी बाटो निर्माण | ५,००,००० |
| ८० | गहिरिटोल देखी पहिरो खोला सम्म सिढी बाटो निर्माण | ५,००,००० |
| ८१ | चिसो पानी खोलाको क्रसिङ | ४,००,००० |
| ८२ | झोलुङ्गे पुल देखी बाटो सम्म गोरेटो बाटो निर्माण | ३,००,००० |
| ८३ | ढकाल सुहारा देखी स्कुल सम्म सिढी बाटो निर्माण | ४,००,००० |
| ८४ | ढुङ्गे आधारभुत विद्यालयको भवन सम्पन्न गर्न | ७,५०,००० |
| ८५ | नवविजयी महेन्द्र मावि देखी कर्मिडाडा सम्म सिढी बाटो निर्माण | ८,००,००० |
| ८६ | मोढ देखी माथिल्लो ढुङ्गे सम्म सिढी बाटो निर्माण | ५,००,००० |
| ८७ | वडा भित्र सार्वजनिक इन्टरनेट जडान साथै ल्यापटप र कलर प्रिन्टर खरिद | २,००,००० |
| ८८ | वुलुन टोल संरक्षण | ९,००,००० |

| | | |
|---|---|---|
| ८९ | उपल्लो पौवा बस्ती ढलान बाटो निर्माण | ५,००,००० |
| ९० | काप्रो बोट देखी कोदारी सम्म जाने ढलान बाटो तथा पहरे ढलान सिँचाई निर्माण | ५,००,००० |
| ९१ | कालो मुल बोगटिटार खानेपानि निर्माण | ५,००,००० |
| ९२ | खाल्टे खोला कैदलेटार बेत्रावती खानेपानी निर्माण | ५,००,००० |
| ९३ | तल्लो छाप बस्ती संरक्षण | २,५०,००० |
| ९४ | तल्लो पैरे पाखा बस्ती ढलान बाटो निमार्ण | ५,००,००० |
| ९५ | तल्लो वनुवा प्रतिक्षालय निर्माण | ५,००,००० |
| ९६ | पनाली टोल विक टोल जोड्ने ढलान बाटो निर्माण | ५,००,००० |
| ९७ | फलाखु खोला राम मन्दिर सिँचाई मर्मत | ५,००,००० |
| ९८ | कैदलेटार घिमिरे पधेरा सामिजक कार्य स्थल निर्माण | ५,००,००० |
| ९९ | सडक देखी गैरा घर हुदैं तल्लो ईटपारे ढलान बाटो निर्माण | ५,००,००० |
| १०० | सिम्ले प्रतिक्षालय तथा मन्दिर निर्माण | ५,००,००० |
| १०१ | कोष ढुङ्गे खानेपानी | ५२,००,००० |
| १०२ | ढुङ्गे खेल मैदान निर्माण उत्तरगया गापा-४ रसुवा | २०,००,००० |
| १०३ | तल्लो विमिरे सडक ढलान उत्तरगया गापा-४ रसुवा | २०,००,००० |
| १०४ | देउराली डाडाँ खेल मैदान उत्तरगया गापा-३ रसुवा | २०,००,००० |
| १०५ | परे गाउँ खानेपानी योजना उत्तरगया वडा नम्बर ३ रसुवा | २०,००,००० |
| १०६ | लालिगुराँस सामुदायिक भवन उत्तरगया गापा-५ रसुवा | २०,००,००० |
| १०७ | केन्द्रबाट छनौट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | १०,००,००० |
| १०८ | केन्द्रबाट छनौट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | १,४०,००,००० |
| १०९ | छिमेर खोला, तोर्मे खोला, करेली खोला झो.पु,धार्ना खोला झो पु., उत्तरगया गाउँपालिका, रसुवा | ४१,००,००० |
| ११० | नवीकरणीय ऊर्जा प्रवधि जडान (वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा) | ८,००,००० |
| १११ | मेशिनरी आजार तथा फर्निचर मर्मत सम्भार (सेवा केन्द्र सञ्चालानार्थ) | ६०,००० |
| ११२ | रोजगार सेवा केन्द्रको सुदृढिकरण (कम्प्यूटर, फर्निचर फिक्चर्स, क्यामरा, अन्य विद्युतीय उपकरण) | २,००,००० |
| ११३ | सुरक्षित नागरिक आवास कार्यक्रम :- बागमती प्रदेशको रसुवा जिल्ला क्षेत्र नं. १ अन्तर्गत उत्तरगया गाउँपालिका - 40 वटा | १०,००,००० |

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा रसुवा
बागमती प्रदेश नेपाल
२०७३

(घ) सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

- सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र अर्न्तगत शासन प्रणाली तर्फ पचास लाख, कानुन तथा न्यायमा एक लाख पचास हजार र विपद व्यवस्थापनमा वत्तिस लाख विनियोजन गरेको छु ।

(ङ) कार्यालय सञ्चालन तथा प्रशासनिक

शुसासन प्रर्वद्धन र सेवा प्रवाहलाई व्यवस्थित गराउन आवश्यक रकमको सुनिश्चितता गरेको छु । समपुरक कोषमा पाचँ लाख विनियोजन गरेको छु । कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ सात करोड वत्तिस लाख विनियोजन गरेको छु ।

**आदरणीय उपस्थित महानुभावहरु**

मैले गाउँपालिकाको आगामी आर्थिक वर्ष ०७८/०७९ को प्रस्तावित वजेट तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गरेको छु । आय तथा व्यय (वजेट) को प्रक्षेपण गर्दा सकेसम्म जनताको आवश्यकतामा आधारित विकास वजेट होस भनेर वडा तथा वस्ती स्तरीय भेलामा छलफल गरी जनताको सहभागीतामा छनौट र प्राथमीकतामा परेका योजनालाई समावेश गरेका छौं । तथापी सवै योजनालाई बजेटमा समावेश गर्न नसकिएता पनी आगामी दिनमा वा अन्य निकायको सहयोगमा उक्त योजनाहरु कार्यान्वयन गर्दै लगिने प्रतिवद्धता समेत जाहेर गर्दछु ।

हामी जनताबाट निर्वाचित भएको ४ वर्ष व्यतित भैसकको अवस्थामा जनताको सेवा प्रवाहमा राजनैतिक समझदारी, नैतिकता पारदर्शिता तथा जवाफदेहीताको साथ कार्य गरेको भएता पनी कोभिड-१९ को प्रकोप, न्यून स्रोत साधन का वावजूद आमुल परिवर्तनको आभास नहुनु कटुसत्य हाम्रो सामु छ ।

अन्तमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी तथा अमुल्य समयको वावजुद यस कार्यक्रममा पाल्नु भएका गाँउपालिकाका सदस्यज्यूहरु, कर्मचारीहरु, सरोकारवाला सबैमा हामी आभारी छौं । वजेट तथा कार्यक्रम

तर्जुमा क्रममा सबै पदाधिकारीज्यूहरुको सक्रिय सहभागीता र पृष्ठपोषण हाम्रो लागि महत्वपूर्ण रह्यो। विकास प्रतिको एकता, संवेदनशिलता, क्षेत्रगत सूचनाको जानकारी सरोकारवाला निकाय विच रहेको उच्च स्तरीय समझदारी हाम्रा लागि कार्य सफलताका कडी वन्यो ।यस प्रति हामी सदैव कृतज्ञ छौ यस खालका उदाहरणीय सहयोगको लागि उत्तरगया गाउँपालिकाको तर्फबाट आभार व्यक्त गर्दछु साथै आय तथा व्यय (वजेट)को कार्यान्वयन प्रकृयामा सदा झै सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्वद्ध सवै पक्षबाट निरन्तर सल्लाह, सहयोग र सुझावको अपेक्षा गर्दै सबै वार्षिक वजेट तर्जुमा गर्ने क्रममा उल्लेखनिय भुमिका निर्वाह गर्नुहुने पदाधिकारी ज्युहरु, कर्मचारी साथीहरु, सरोकारवालाहरु, सवैमा धन्यवाद दिन चाहान्छु । साथै उत्तरगया गाउँपालिकाको दशौ गाउँसभामा वजेट तथा कार्यक्रमको प्रस्तुती यही अन्त गर्दछु ।

धन्यवाद

चमेली गुरुङ

उपाध्यक्ष